
## जापानमा बस्ने विदेशी बालबालिकाका लागि

## प्राथमिक विद्यालय भर्ना सम्बन्धित निर्देशन पुस्तिका

# खावासाकीको प्राथम्कि विद्यालयमा स्वागतम !





प्रकाशक : खावासाकी अन्तर्राष्ट्रिय संघ

सहयोग : खावासाकी शिक्षा समिति

प्रकाशन मिति : 2026/ 1 / 24

**जापानको विद्यालयमा शिक्षा हासिल गर्ने सोच राख्नु भएका विदेशी बालबालिका तथा तिनका अभिभावकहरुका लागि**

जापानको विद्यालयहरुको नियमहरु तपाईहरुको देशको विद्यालयहरुको भन्दा फरक छन्। आफ्ना छोराछोरीहरुलाई जापानको विद्यालयमा भर्ना गर्न चाहनुहुन्छ। तर थाहा नभएका कुराहरु धेरै भएको कारणले के गरौं ! भनेर सोच्नु भइरहेको त छैन? उहाँहरुको समस्या केही कम भई रमाइलोसँग  जापानको विद्यार्थी जिवन बिताउन सहयोग पुगोस् भन्ने सोचले यो निर्देशन पुस्तिका तयार पारेका छौं।



# जापानको शैक्षिक प्रणाली

नर्सरी / के.जी.

↓

बालबालिकाहरु ६ वर्ष पूरा भएको वर्षको अप्रिल महिनामा प्राथमिक तहमा भर्ना लिइन्छ। जापानका विद्यालयहरुमा अप्रिल महिनाबाट कक्षा संचालन भई मार्च महिनामा सकिन्छ।

अनिवार्य शिक्षा

प्राथमिक तह (६वर्ष)

↓

↓

माध्यमिक तह (३वर्ष)

विदेशी बालबालिकाहरुको विद्यालय भर्ना कानूनी रुपमा अनिवार्य हुँदैन। तर पनि इच्छा भएमा भर्ना हुन पाइन्छ । अनिवार्य शिक्षाको अवधिमा बालबालिकाहरुको कक्षा उमेरको आधारमा निर्धारण भई अनुतिर्ण हुँदैन। तर उच्च शिक्षामा भर्ना हुनको लागि परिक्षामा उत्तिर्ण हुन जरुरी छ। विद्यालयको पढाई महत्वपूर्ण हुन्छ।

↓

↓

उच्च शिक्षा (३वर्ष)

परीक्षामा पास भयो भने भर्ना हुन पाइन्छ।

↓

विश्वविद्यालय (४वर्ष),  दुई वर्षिय क्याम्पस र विशेष शिक्षण विद्यालय (२वर्ष)

परीक्षामा पास भयो भने भर्ना हुन पाइन्छ।

# जापानको विद्यालयमा पालना गर्नुपर्ने आधारभूत नियमहरु

- ☺ पैसा / मिठाई / मोबाइल फोन / खेलौना आदि लिएर विद्यालय जान पाईदैन ।
- ☺ विद्यालय भित्र पसेपछि छुट्टी नभएसम्म बाहिर निस्किन पाईदैन ।
- ☺ कक्षा तथा विद्यालयको कार्यक्रमहरुमा अनिवार्य रुपमा भाग लिनु पर्ने हुन्छ ।
- ☺ विद्यालयमा हिंडेर आउनुपर्ने हुन्छ । अभिभावकले गाडीबाट पुऱ्याउने लिन आउने गर्न पाईदैन ।
- ☺ विद्यालयमा कुनै कुराको जानकारी गर्नु पर्दा सूचना पुस्तिकामा लेखेर गर्नुपर्ने हुन्छ ।
- ☺ अचानक केही जानकारी गर्नुपर्दा फोन गर्नुहोला ।
- ☺ कक्षा संचालन भइरहेको बेला शौचालय वा पानी पिउन जान पाईदैन ।
- ☺ कक्षा संचालन भईरहँदा कुरा गर्न मनाही छ । साथै आ–आफ्नो कुर्सीमा बसेर पढ्ने (बसिरहनु पर्ने ) हुन्छ ।
- ☺ बालबालिकालाई कक्षा सकेपछि यताउता नदुली सिधै घर आउन लगाउनु होला।

टुम्लेत लिएर गए पनि हुन्छ। पानी या गुलियो नभएको चिया राखेको हुनुपर्छ ।

समूहमा आउनुपर्ने विद्यालय पनि हुन्छ ।

# १ वर्षको विद्यालयको कार्यक्रम तालिका

(*चिन्ह लगाइएका कार्यक्रमहरु अभिभावकहरुले भाग लिनुपर्ने कार्यक्रमहरु हुन् । )

| | | |
|---|---|---|
| **अप्रिल महिना** | * विद्यालय भर्ना उत्सव, पहिलो ६ महिनाको कक्षा शुरुहुने समारोह, स्वास्थ्य परिक्षण (तौल / जोख), घरको निरीक्षण, * कक्षाको निरीक्षण / बैठ्क | पहिलो ६ महिना |
| **मे महिना** | अभिभावक र शिक्षक समूहको भेला, विद्यालयको विस्तृत जानकारी, *खेलकुद कार्यक्रम | |
| **जून महिना** | पिकनिक, *कक्षाको निरीक्षण, पौडी | |
| **जुलाई महिना** | *शिक्षकसँगको कुराकानी | |
| **अगस्ट महिना** | गर्मीको बिदा (गृहकार्य) | |
| **सेप्टेम्बर महिना** | *सुरक्षा तालिम, तौल / जोख, * कक्षाको निरीक्षण / बैठ्क, * कक्षामा सिकेको कुरा प्रस्तुत गर्ने कार्यक्रम | |
| **अक्टोबर महिना** | पहिलो ६ महिनाको पढाई सक्ने समारोह, हिउँदको बिदा, पछिल्लो ६ महिनाको कक्षा शुरु हुने समारोह, *विद्यालय निरीक्षण हप्ता | |
| **नोभेम्बर महिना** | | पछिल्लो ६ महिना |
| **डिसेम्बर महिना** | *शिक्षकसँगको कुराकानी<br>जाडोको बिदा (गृहकार्य) | |
| **जनवरी महिना** | तौल / जोख, *कक्षाको निरीक्षण | |
| **फेब्रवरी महिना** | *विद्यालयको विस्तृत जानकारी | |
| **मार्च महिना** | अभिभावक शिक्षक समूहको भेला / बैठ्क, दिक्षान्त समारोह *वार्षिक कक्षा समाप्ति उत्सब, बसन्तयामको बिदा | |

**विद्यालय भर्ना उत्सव** :१ कक्षाको विद्यार्थी र अभिभावकहरु पहिलो पटक विद्यालयमा आउँछन् । प्रधानअध्यापकबाट स्वागतको मन्तव्य तथा कक्षाको जिम्मेवारी लिएको शिक्षकको बारे जानकारी गराइन्छ । यो दिन पढाई हुँदैन । विद्यालय भर्ना उत्सवको दिनमा अभिभावक र बालबालिका सबैले औपचारिक पोशाक (सुट) लगाउनु पर्ने हुन्छ । तर भोज जाने जस्तो पोशाक हैन । किताब राख्ने झोला र अर्को एउटा हातमा झुण्ड्याएर बोक्ने झोला लिएर आउनु पर्ने हुन्छ ।







**तौल / जोख** :शरिरको उचाई, तौल नापेर कति छ टिपोट गर्छ । टिपोट कार्ड लिएर घर फर्केपछि अभिभावकले हस्ताक्षर गरेर विद्यालयमा फर्काउनु पर्ने हुन्छ ।



**घरको निरीक्षण** :कक्षाको जिम्मेवारी लिएको शिक्षक विद्यार्थीको घरमा गई अभिभावकलाई भेट्न आउछन्। यो निरीक्षण विद्यार्थीको घर कता पर्छ भन्ने जानकारी संकलन गर्नको लागि मात्र हो । १० देखि १५ मिनेटमा फर्किन्छ । चिया नास्ता तयार गर्नु पर्दैन । शिक्षक घरभित्र पसेर घर परिवारको बारे सोधपुछ गर्ने काम गर्दैन ।

**सुरक्षा तालिम** :भुकम्प जस्ता प्राकृतिक प्रकोपको सामना गर्नु पर्दा सुरक्षित साथ अभिभावकलाई बालबालिकाहरु बुझाउनको लागि गरिने तालिम हो । त्यस दिन अभिभावकहरु अनिवार्य रुपमा आ–आफ्नो बालबालिकाहरुलाई लिन विद्यालय आउनु होला ।

**पिकनिक** :अक्वारियम वा पार्कमा पिकनिक जान्छौं । हिंडेर वा बस अथवा ट्रेनमा बसेर जान्छौं । दिउँसोको खाजा बोकेर जान्छौं ।



**कक्षाको निरीक्षण तथा अभिभावक सँगको कुराकानी** :अभिभावकहरु विद्यालयमा गएर आ–आफ्नो बालबालिकाहरु कसरी कक्षामा पढिरहेका छन्। कक्षा कसरी संचालन भइरहेको छ हेर्न जान्छौं। कक्षाको निरीक्षण गरेपछि अभिभावकहरु मात्र कक्षा कोठामा बसेर कुराकानी गर्छौं । कक्षाको जिम्मेवारी लिएको शिक्षकले बालबालिकाहरुको बारे सोधपुछ गर्ने अभिभावकहरु छलफल गर्ने गर्छन्। महत्वपूर्ण सूचनाहरुको जानकारी पनि गराउने हुनाले अभिभावकहरु सकेसम्म सहभागी हुन होला।

**शिक्षकसँगको कुराकानी** :विद्यालयमा गएर आ–आफ्नो बालबालिका पढ्ने कक्षाको जिम्मेवारी लिएको शिक्षकसँग कुराकानी गर्छौं। बालबालिकाको विद्यालय भित्रको गतिविधिहरु बारे सोधपुछ गर्ने, बालबालिकाको कुराहरु पनि छलफल गर्न सक्नु हुन्छ।

※जापानिज भाषामा समस्या भएका अभिभावकहरुले पहिलेनै जानकारी गर्नु होला।

**खेलकुद कार्यक्रम** :नाचगान या विभिन्न खेलकुद प्रतियोगिताहरु हुन्छ। ग्रुपमा विभाजित भएर खेल खेलिन्छ। खेलकुद कार्यक्रमको लागि बालबालिकाहरुले केही हप्ता अगाडी देखि तयारी गरेको हुन्छ।







**दिक्षान्त समारोह** :६ कक्षाका विद्यार्थी र उनीहरुको अभिभावकहरु औपचारिक पोशाक लगाएर कार्यक्रममा भाग लिन्छन्। ६ कक्षाका बालबालिकाहरुलाई दिक्षान्त प्रमाणपत्र दिइन्छ। ५ कक्षाको विद्यार्थीहरु पनि त्यस वर्षको विद्यार्थीहरुको प्रतिनिधिको रुपमा कार्यक्रममा भाग लिन्छन्। ५ कक्षाको विद्यार्थीहरुले औपचारिक पोशाक लगाउन जरुरी छैन्।

# प्राथमिक तहको विद्यार्थीको १ दिनको समय तालिका (१ कक्षाको विद्यार्थी)

| | |
|---|---|
| ७:०० | बिहान उठ्ने |
| ७:१५ | बिहानको खाना |
| ७:४५ | विद्यालय जान घरबाट निस्किने (विद्यालय भित्र पस्ने) |
| ८:३० | बिहानको भेला |
| ८:५० — ९:३५ | पहिलो कक्षा |
| ९:३५ — १०:२० | दोश्रो कक्षा |
| १०:२० — १०:५० | छुट्टी |
| १०:५० — ११:३५ | तेश्रो कक्षा |
| ११:३५ — १२: २० | चौथो कक्षा |
| १२:२० — १३:०० | खाजा खाने छुट्टी |
| १३:१० — १३:३० | सरसफाई |
| १३:३५ — १४:२० | पाँचौं कक्षा (२ कक्षा बाट छैठौं कक्षा हुन्छ।) |
| | कक्षा सकिने भेला |
| | विद्यालयबाट घर फर्किने |

> विद्यालय भित्र पस्ने समय ८:०० देखि ८:२० सम्म !

> बिहानको भेलामा विद्यालयको चौरमा जम्मा भएर प्रधान अध्यापकको कुरा सुन्छौं।

> दोश्रो र तेश्रो कक्षाको विचमा साधारणतया ३० मिनेटको छुट्टी हुन्छ।

**विद्यालयको पढाई सकेपछि बालबालिकाहरुले समय बिताउन सक्ने ठाउँहरु**

“वाकुवाकु” (पहिला नै निवेदन दिन जरुरी छ।) विद्यालयको पढाई सकेपछि बेलुकी ६ बजेसम्म, विद्यालय बिदाको दिन विहान ८:३० देखि बेलुकी ६ बजेसम्म निशुल्क हुन्छ। तर कार्यक्रममा भाग लिने शुल्क, खाजा शुल्क, बीमा शुल्क तिर्नु पर्छ।

“गैर सरकारी संस्थाहरुले संचालन गर्ने बालबालिकाहरुको समय बिताउने ठाउँ”

“बालबालिकाहरुको लागि बनाएको सरकारी ठाउँ”

| | |
|---|---|
| २१:०० | सम्ममा सुत्ने गरौं |

# पढाईका सर-सामानहरु (सबैमा नाम लेख्नु होस्)

**भर्ना हुनु भन्दा अगाडी अभिभावकहरुले किन्नु पर्ने सर-सामानहरु**

सबै सामानहरु किन्दा लगभग ५० हजार येन देखि १ लाख येन सम्म लाग्छ। तर, सामान हेरेर लाग्ने रकम फरक हुन्छ।
जस्तै किताब राख्ने झोला (३० हजार देखि ५० हजार)

☐ किताब राख्ने झोला



☐हातमा झुण्ड्याएर बोक्ने झोला



☐विद्यालय भित्र लगाउने जुत्ता



☐जुत्ता राख्ने झोला



☐पेन्सिल बक्स, कलम, इरेजर, कटर



कलम २B (कालो) ५वटा जति  र रातो १ वटा घर बाट तासेर ल्याउन जरुरी हुन्छ।
घरमा यस्तो खालको कटर भएमा तास्न सजिलो हुन्छ। →



☐ चकटी



☐कैंची, गम, कलर पेन्सिल, वरीगामी
(सामान राख्ने बट्टामा राख्ने)



☐विद्यालय जादा लगाउने टोपी



☐खेल खेल्दा लगाउने लुगा



☐खेल खेल्दा लगाउने
रातो र सेतो टोपी



☐खेल खेल्दा लगाउने लुगा
राख्ने झोला



☐आपतकालिन समयमा प्रयोग
गर्ने (बोमाई जुकीन) चकटी



☐खाजा खाँदा प्रयोग गर्ने रुमाल (बेन्चमा ओछ्याउने) ☐खाजा राख्ने झोला / रुमाल राख्ने झोला ☐भुईं पुछ्ने कपडा





**विद्यालयले उपलब्ध गराउने सरसामान** (अभिभावकले किन्न नपर्ने तर लाग्ने रकम बैंकको कोषबाट तिर्ने)
सामान राख्ने बट्टा, जापानिज भाषाको कपी, गणित कपी, गणित सिक्न प्रयोग गर्ने सामान, सुचनाहरु राख्ने झोला आदि

**भर्ना भइसकेपछि किन्नु पर्ने सरसामानहरु** (किन्ने समय आएपछि विद्यालयबाट सूचना पठाइन्छ ।)

☐ पियानो, हार्मोनिका



☐खेल्ने डोरी





☐पौडी खेल्ने सामानहरु (झोला, पौडी खेल्ने लुगा, पौडी खेल्ने टोपी, नुहाउने रुमाल, चप्पल, पानीमा लगाउने चश्मा)






☐ रिकोदर (३ कक्षा देखि) ☐सेटस्क्वाय्र ☐कम्पास ☐प्रोट्राक्टर ☐चिसेलस (च्योकोकुतोउ)




☐ क्यालोग्राफीका सामानहरु (३ कक्षा देखि) ☐पेन्टिंगका सामानहरु (२ कक्षा देखि) ☐सिलाई बुनाईका सामानहरु (५ कक्षा देखि)







※विद्यालय अनुसार प्रयोग गर्ने सामानहरु फरक-फरक हुने भएकोले सामान किन्नु अगाडि आफ्नो बालबालिकालाई पढने विद्यालयमा सम्पर्क गरि सोध्नु होला।

# १ कक्षामा पढ्ने विषयहरु

**जापानिज भाषा:**

आफुले सोचेको कुराहरु गर्ने, साथीहरुको कुरा सुन्छौ । शुरुमा हिरागानाबाट लेखपढ गर्न सिक्छौं ।

**गणित:**

चित्र हेरेर कुकुर कति वटा छ ? जस्ता दैनिक कुरा र अंकहरु जोडेर लेखपढ गर्न सिक्छौं । पहिला १ देखि १० सम्म सिक्छौ ।

**सामाजीक ( रहनसहन सम्बन्धित ) शिक्षा:**

आफ्नो वरपरको रहनसहन तथा ठाउँहरुको बारे ज्ञान हासिल गर्छौं । ३ कक्षाबाट विज्ञान र सामाजिक शिक्षामा छुट्टयाएर पढाइन्छ ।

**नाचगान:**

गीत गाएर, पियानो हार्मोनिका, क्यास्तानेट, टानबोरीन जस्ता बाजाहरु बजाएर रमाइलो गर्ने गरिन्छ । पियानो हार्मोनिका किन्न जरुरी हुन्छ ।

माथिको कक्षामा पुगेपछि रिकोदर पनि प्रयोग हुन्छ ।

**चित्रकला:**

चित्र लेख्ने, कागजको विभिन्न सामान बनाएर खेल्ने गर्छौं ।

**खेलकुद :**

लुकामारी, बल प्रयोग गरेर खेल्ने खेल, दौड्ने, उफ्रिने जस्ता खेल खेल्छौं ।
गर्मि महिना (जून महिना) लागेपछि पौडी खेलाइन्छ । पौडी खेल्ने लुगा, टोपी, नुहाउने रुमाल, पौडी खेल्ने सामानहरु राखने झोला तयार पार्न पर्ने हुन्छ । पौडी खेल्ने बेलामा अभिभावकहरुले सहयोग गर्नु पर्ने पनि हुन् सक्छ ।
अझ माथिको कक्षामा पुगेपछि

- ☺ पूर्वव्यावसायिकको कक्षामा खाना पकाउन सिकाइन्छ । एप्रोन, टाउकोमा बाँध्ने रुमाल, पुछ्ने कपडा तयार पार्न जरुरी हुन्छ ।
- ☺ बिज्ञानको प्रयोगात्मक पढाई पनि हुन्छ ।
- ☺ विभिन्न सामाजिक ठाउँहरुको भ्रमण पनि गर्छौं ।

# गयल अथवा ढिलो हुने बेलामा




विद्यालयमा गयल हुने बेलामा अथवा ढिला हुने बेलामा विद्यालयमा जानकारी गराउन अनिवार्य हुन्छ।
"किड्स सेक्युरिटी अथवा मिमामोरुमे" नामको एप प्रयोग गरेर विद्यालयमा सम्पर्क गर्नुहोस्।

✎ **विद्यालयमा सम्पर्क गर्दा लेख्ने तरिका**

| 日本語 | **नेपाली भाषा** |
|---|---|
| けっせきします（やすみます） | गयल हुन्छ। (बिदा लिन्छु।) |
| ちこくします | ढिला हुन्छ। |
| そうたいします | छिटो फर्किन्छु। |
| ねつがあります | ज्वरो आएको छ। |
| きもちがわるい | सन्चो छैन। |
| はきけがする | बान्ता आउला जस्तो भएको छ। |
| おなかが　いたい | पेट दुखेको छ। |
| あたまが　いたい | टाउको दुखेको छ। |
| せき | खोकी लागेको छ। |
| げり | झाडापखाला लागेको छ। |
| かぜ | रुघाखोकि लागेको छ। |
| インフルエンザ | फ्लु लागेको छ। |
| けがを　した | घाउँ चोट लागेको छ। |
| びょういんに　いく | अस्पताल जानु पर्ने छ। |

※एप प्रयोग गर्न नआएमा विद्यालयमा फोन गरेर गयल अथवा ढिलो हुने बारे जानकारी गर्नुहोस्।

# विद्यालयको खाजा र घरबाट लाग्ने खाजा (टिफिन)



## विद्यालयको खाजा



विद्यालयको खाजा खाने छुट्टीमा विद्यालयमा नै खाजा खुवाइन्छ । त्यो खाजा विद्यालयको खाजा पकाउने कर्मचारीले पकाउने गर्छ । विद्यार्थीहरु कक्षाकोठामा शिक्षक र साथीहरुसँग बसेर खाजा खाने गर्छन् । बालबालिकाहरुलाई आवश्यक पर्ने पोषकतत्व, क्यालोरी र पोषणलाई ध्यानमा राखेर पोषण विशेषज्ञले खाजाको सूची (मेन्यु) बनाउने गर्छ। विद्यालयको खाजा शुल्क १ महिनामा ४,६०० येन जति तिर्नु पर्ने हुन्छ।
※खानेकुराको एलर्जी अथवा मासुहरु हलाल हुनुपर्ने जस्ता खान नहुने कुराहरु भएमा दिनदिनै घरबाट खाजा बनाएर पठाउन सक्नु हुन्छ। यदि घरबाट खाजा पठाउने भए विद्यालयमा सल्लाह गर्नु होस्।



खाजा बाड्ने जिम्मा दिएको विद्यार्थीहरु गएर खाजा लिएर आउँछ र सबैलाई बाँड्छ। खाजा लिनजाने जिम्मा हरेक हप्ता फरक फरक विद्यार्थीको हुन्छ। खाजा लिनजाने विद्यार्थीले (दायाँ चित्रमा जस्तै) सेतो लुगा (खप्पोगी), टोपी र मास्क लगाउनु पर्ने हुन्छ। हरेक शुक्रबार सेतो लुगा (खप्पोगी) घरमा लगेर राम्ररी धोई ईस्त्री गरेर अर्को हप्ताको सोमबार विद्यालयमा लिएर जानु पर्ने हुन्छ।

## घरबाट लाग्ने खाजा (टिफिन)

पिकनिक र खेलकुद कार्यक्रमको दिन खाजा बनाएर दिएर पठाउनु पर्ने हुन्छ। बिहान पकाएको खाजा दिउँसो खाने भएकोले झोल नभएको, चाँडै नगन्हाउने सकेसम्म घरमै पकाएको खानेकुरा भए राम्रो हुन्छ। तर विशेष परिकार पकाएर पठाउन जरुरी छैन। किनेर ल्याएको तरकारी या दिपफ्रिजमा राखेको खाना भए पनि हुन्छ। आफ्नो बालबालिकाको मनपर्ने खाजा राख्ने भाँडोमा (टिफिन बट्टामा) भात, तरकारी आदि राखेर पठाउनु होला।







(मिठाईहरु, कर्नफ्लेक्स जस्ता खानेकुरा होइन)





(←←खेलकुद कार्यक्रमको दिनमा परिवार सबैले खान पुग्ने खाजा लिएर आउनु होला।)

# बालबालिकाहरू बिरामी हुदा, विद्यालय भित्र घाउ चोटपटक लाग्दा?

विद्यालयमा सम्पर्क गर्न धेरै महत्वपूर्ण हुन्छ।
यदि विद्यालयमा हुदा बालबालिकाको शारीरिक अवस्था ठिक भएन भने विद्यालयको शिक्षकले अभिभावकलाई सम्पर्क गर्न सक्छ। त्यसैले सम्पर्कमा रहनु होला। विद्यालयमा स्वास्थ्य कक्ष हुन्छ। घाउचोटपटक लाग्दा स्वास्थ्य सम्बन्धि तालिम प्राप्त गरेको शिक्षकले साधारण उपचार गर्छ। विद्यार्थीहरुलाई सन्चो नहुँदा स्वास्थ्य कक्षमा आराम गराईन्छ। तर अस्पताल लग्नुपर्दा विद्यालयको शिक्षकले नभई अभिभावकले लानु पर्ने हुन्छ। यदि आवश्यक परेको खण्डमा विद्यालयले अभिभावकलाई सम्पर्क गर्नेछ। त्यसैले सजिलै सम्पर्क हुने फोन नम्बर विद्यालयमा जानकारी गराई राख्नु होला।

**संक्रामक रोगहरु लाग्दा ?**



| इन्फ्लुएन्जा, दादुरा, लहरेखोकी, चिकेनपक्स, ज्वरो, गलगाँड जस्ता |
| --- |

माथि उल्लेख गरेका संक्रामक रोग लाग्दा अथवा लागेको शंका भएमा विदा बस्दा हुन्छ।

बिरामी निको भएर विद्यालय जाँदा अस्पतालबाट “विद्यालय प्रवेश अनुमति पत्र” लिएर विद्यालयमा जानु होला। “विद्यालय प्रवेश अनुमति पत्र” को फारम अस्पतालको डाक्टरलाई भर्न लगाउनु होला। त्यो पत्रको १ प्रतिलिपी लगभग ५०० येन जति पर्छ।
※कोरोना भाइरसको संक्रमण आदिको बारेमा

- ज्वरो आएको छ अथवा खोकी लागेको छ भने विद्यालयमा बिदा लिएर आराम गरौं।
- सक्दो छिटो अस्पताल गएर जचाऔं।

## आगलागी तथा आपतकालीन अवस्थाको बीमा प्रणाली भनेको ?



सबैजनाको बीमा गरेको हुन्छ। विद्यालयमा आउने जाने गर्दा तथा विद्यालय परिसरमा हुँदा घाउ चोटपटक लागेमा उपचार खर्च बीमा प्रणाली अन्तर्गत व्यहोर्ने छ। तर विद्यालयको बाटो (विद्यालय जाने आउने बाटो) निर्धारित हुन्छ। ट्राफिक दुर्घटना वा विद्यालय जाने आउने गरेको बाटो बाहेक अन्य बाटोमा हिड्दा घाउ चोटपटक लागेमा आफैले उपचार खर्च व्यहोर्नु पर्ने हुन्छ। बीमा प्रणाली अनुसार लागेको खर्च खावासाकी नगरपालिकाले व्यहोर्ने हुनाले अभिभावकले ४६० येन (वर्षको) मात्र तिरे पुग्छ।

जिविका निर्वाह गर्न अथवा पढ्न सरकारबाट सहयोग पाइरहेको परिवार (पेज१४) को अभिभावकले पैसा तिर्नु पर्दैन् ।



# प्राथमिक विद्यालयमा लाग्ने शुल्क



प्राथमिक तहको सरकारी विद्यालयमा पढाई शुल्क र पाठ्यपुस्तकहरु निःशुल्क हुन्छ।

त्यस बाहेक पनि अभिभावकले तिर्नु पर्ने शुल्कहरु हुन्छ। विद्यालयको खाजा शुल्क, विद्यालय बाट लिने शिक्षण सामाग्री शुल्क, अभिभावक शिक्षक समूह (पिटिए) सदस्यता शुल्क, विद्यालयबाहिर गरिने कार्यक्रम शुल्क (पिकनिक, सामाजिक भ्रमण................ शैक्षिक भ्रमण आदि) अभिभावकले तिर्नुपर्ने हुन्छ। (→ बैंकको खाताबाट) बिद्यालयले तोकेको बैंक (खावासाकी सिनयोउ बैंक आदि) मा खाता खोल्न आवश्यक हुन्छ। त्यो बैंकको खाताबाट लाग्ने शुल्क विद्यालयको खातामा जम्मा हुन्छ।

※विद्यालय अनुसार शुल्क र भुक्तानी गर्ने दिन फरक फरक हुन्छ।




## बैंकमा खाता कसरी खोल्ने ? सिधै पैसा कसरी पठाउने ?

आफ्नो छाप, पैसा (बैंकको खातामा राख्ने पैसा) पासपोर्ट या गाडीको लाइसेन्स लिएर बैंकमा गई खाता खोल्नु पर्ने हुन्छ । विद्यालयबाट प्राप्त गरेको "खाताबाट रकम भुक्तानी अनुरोध फाराम" मा आवश्यक जानकारीहरु भरेर बैंकमा बुझाउनु पर्ने हुन्छ।

फाराम भर्न नआएमा "खावासाकी अन्तर्राष्ट्रिय कार्यालय"को सोधपुछ काउन्टरमा आउनु होला। त्यहाँको कर्मचारीले तपाईंलाई सहयोग गर्नेछ।

※आवेदन दिने मिति निर्धारीत हुने हुनाले सकेसम्म चाडै सम्पर्क गर्नु होस्।

## पढ्नको लागि पाउने सरकारी सहायता प्रणालीको बारे

बालबालिकालाई विद्यालय पठाउन आर्थिक रुपमा समस्या परेको परिवारलाई शैक्षिक सामाग्री शुल्क, विद्यालयको खाजा शुल्क, शैक्षिक भ्रमण शुल्क जस्ता आवश्यक शुल्कहरु तिर्न सरकारले सहायता गर्ने प्रणाली छ। यो सहायता प्राप्त गर्न शैक्षिक बोर्डमा आवेदन दिन जरुरी छ। यदि तपाईं सहायता लिन चाहनुहुन्छ भने कृपया विद्यालयमा सम्पर्क गर्नु होस्।

## सोधपुछका लागि सम्पर्क गर्ने ठाउँ

१) खावासाकी अन्तर्राष्ट्रिय केन्द्र (विदेशी भाषाको परामर्श सेवाको काउन्टर), ०४४-४५५-८८११ / soudan39@kian.or.jp

(बिहान १० बजे देखि १२ बजे सम्म र दिउँसो १ बजे देखि ४ बजे सम्म)

२) खावासाकी शिक्षा समिति सचिवालय शिक्षा नीति कार्यालय, ०४४-२००-३७५८

# जापानिज भाषालाई लिएर चिन्ता लागेको बेला...

## <जापानिज भाषा सिक्न सक्नुहुन्छ>

खावासाकी शहरको विद्यालयहरुमा बालबालिकाहरुको जापानिज भाषा राम्रो बनाउन सहयोग गर्ने गर्छ।

विद्यालयको शिक्षकले जापानिज भाषा सिकाएर अथवा विदेशी भाषा बोल्ने सहयोगी शिक्षकहरु विद्यालयमा आएर सिकाउने गर्छन्।

जापानिज भाषा बोल्न आएपनि पढ्ने र लेख्ने गरेर जापानिज भाषा सिक्न निकै गाह्रो हुन्छ।

आफ्नो बच्चाको जापानिज भाषालाई लिएर चिन्ता लागेको छ भने विद्यालय भर्ना गर्नु अगाडि देखिनै विद्यालयमा सम्पर्क गरि सल्लाह गर्नुहोस्।

## <भाषिक अनुवादकको अनुरोध गर्न सक्नुहुन्छ>

विद्यालयको शिक्षकसँग कुरा गर्ने बेलामा जापानिज भाषालाई लिएर चिन्तित हुनुहुन्छ भने भाषिक अनुवादकको अनुरोध गर्न सक्नुहुन्छ।

विद्यालयमा सम्पर्क गरेर अग्रिम बुकिंग गर्नुहोस्।

विद्यालयमा भाषिक अनुवाद गर्ने मेसिन हुन्छ। साना-तिना कुराहरु मात्र हो भने त्यस मेसिनको प्रयोग गरेर अनुवाद गर्ने गरिन्छ।

## <मोबाइल फोनको एप्सहरु प्रयोग गरौं>

विद्यालयले  विभिन्न जानकारीहरु पठाउने गर्छ। जापानिज भाषामा लेखिएको जानकारीहरु पढ्न गाह्रो भएमा जापानिज भाषा जान्ने कसैलाई सोध्ने, भाषिक अनुवाद एप प्रयोग गरेर आफ्नै देशको भाषामा उल्था गरेर लेखिएको जानकारीहरु बुझ्न सक्ने बनौं। तर पनि जानकारीको विषयवस्तु बुझ्न गाह्रो भएमा विद्यालयलाई सोध्ने गरौं।

## <बहुभाषिक सहयोग संगठनहरु प्रयोग गरौं>

खावासाकी अन्तर्राष्ट्रिय केन्द्रमा विभिन्न भाषाहरुमा परामर्श लिन सक्ने विदेशीहरुलाई लक्षित गरिएको परामर्श काउन्टरको व्यवस्था छ।

फोनअथवा जूम (Zoom) मार्फत परामर्श लिन सक्नुहुन्छ। यदि केहि समस्या परेमा अफ्ठ्यारो नमानी सम्पर्क गर्नुहोस्।

◎ परामर्श लिनको लागि सम्पर्क गर्ने ठाउँ

१. खावासाकी अन्तर्राष्ट्रिय केन्द्र (विदेशीको परामर्श सेवा काउन्टर)

फोन नं.: 044-455-8811  ईमेल: soudan39@kian.or.jp  (बिहान ९ बजे देखि साँझ ५ बजे सम्म)

२. खावासाकी शैक्षिक सचिवालय शिक्षा नीति कार्यालय

फोन नं.: 044-200-3758

## विद्यालय भर्ना हुनु अगाडी कम्तिमा पनि यी कुराहरु गर्न सक्ने बनाउनु होला

१) आफ्नो नाम स्पष्टसँग भन्न सक्छ? आफ्नो नाम पढ्न सक्छ?


२) आफ्नो जवाफ र अभिवादन स्पष्ट रुपमा भन्न सक्छ?

३) आफुले सोचेको कुरा स्पष्टसंग भन्न सक्छ?

४) एक्लै शौचालय प्रयोग गर्न सक्छ? (दिसा र पिसाब दुबै) जापानीज स्टाईलको शौचालय भएको विद्यालय पनि हुन्छ ।

५) एक्लै लुगा फेर्न सक्छ?

६) विद्यालयसम्म हिंडेर आउन सक्छ? अभ्यास गराउनुहोला ।






**प्रकासन: खावासाकी अन्तर्राष्ट्रिय संघ**

**२-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान**

**फोन नं.: ०४४-४३५-७००० फ्याक्स नं.: ०४४-४३५-७०१०**

**URL https://www.kian.or.jp/ ईमेल： kiankawasaki@kian.or.jp**




## नाम लेख्नु होला।

